आज मिति २०८१ कार्तिक ११ गते आइतबारका दिन बिहान ११:०० बजे राइनास नगरपालिकाको बैठक कक्षमा राइनास नगरपालिकाका नगर प्रमुख श्री खड्ग बहादुर गुरुङको अध्यक्षतामा तपशिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थिति र सहभागितामा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १६ को खण्ड (क) को प्रकरण नं. (१) र (३) बमोजिम राइनास नगर कार्यपालिकाको ६० औं नियमित बैठक बसी बिस्तृत छलफल गरी निम्नानुसार निर्णय समेत भयो।

**उपस्थितिः**

| | |
|---|---|
| नगर प्रमुख खड्ग बहादुर गुरुङ | -अध्यक्ष |
| उप प्रमुख पुष्पराज खनाल | -सदस्य |
| वडा नं. १ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य विष्णु प्रसाद पौडेल | -सदस्य |
| वडा नं. २ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण शाही | -सदस्य |
| वडा नं. ३ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य देउ बहादुर पौडेल | -सदस्य |
| वडा नं. ४ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य बलराम पराजुली | -सदस्य |
| वडा नं. ५ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य शङ्ख बहादुर सार्की | -सदस्य |
| वडा नं. ६ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य गोविन्द चिलुवाल | -सदस्य |
| वडा नं. ७ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य मोहनलाल श्रेष्ठ | -सदस्य |
| वडा नं. ८ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य कृष्ण बहादुर रानाभाट | -सदस्य |
| वडा नं. ९ का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लुविन्द्र गुरुङ | -सदस्य |
| वडा नं. १० का वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य लक्ष्मण गुरुङ | सदस्य |
| नगर कार्यपालिका सदस्य नानुमाया लामा | -सदस्य |
| नगर कार्यपालिका सदस्य सोचना लौडारी | -सदस्य |
| नगर कार्यपालिका सदस्य कल्पना सुनार | -सदस्य |
| नगर कार्यपालिका सदस्य दिलमाया गुरुङ | -सदस्य |
| नगर कार्यपालिका सदस्य चन्द्रावती पन्थी | -सदस्य |
| नगर कार्यपालिका सदस्य सुक बहादुर वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विन्दु वि.क. | -सदस्य |
| नगर कार्यपालिका सदस्य विमला कुमाल | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत धनेश्वर पौडेल | -सदस्य सचिव |

**अन्य उपस्थितिः**

वरिष्ठ प्रशासकीय अधिकृत तुल बहादुर वि.क.

## मिति २०८१/०७/११ गतेको नगरकार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं. १**

राइनास नगरपालिकाको घर नक्सा अभिलेखिकरण कार्यविधि २०८१ यस अघिको कार्यपालिका बैठकमा पेश भएकोमा संक्षिप्त परिमार्जन सहित पारित गरियो। कार्यविधि अनुसूची १ मा उल्लेख गरिएको छ।

**निर्णय नं. २**

राइनास नगरपालिकामा करारमा कार्यरत भएका २०८१ असोज मसान्तसम्म म्याद भएका करार कर्मचारीहरुको म्याद थप सम्वन्धमा छलफल हुँदा आगामी कार्यपालिका बैठकमा छलफलमा राखे निर्णय भयो।

**निर्णय नं ३**

सडक बोर्डबाट राइनास नगरपालिकालाई सडक मर्मत सम्भारका लागि प्राप्त हुने रु ६० लाख र नगरपालिकाले व्यहोर्नुपर्ने अंश सहितको रकमबाट हर्राबोटबाट मोहोरियाकोट हुँदै राइनासकोट जाने सडकमा आवश्यकता अनुसारको प्राविधिक लगत इष्टिमेटको आधारमा खर्च गर्ने गरी सडक मार्फत सम्भार योजना पारित गरियो।

**निर्णय नं ४**

विषयगत समितिहरुमा आ.ब. २०८१/०८२ का योजना तथा कार्यक्रम कार्यान्वयनका लागि भएका छलफल तथा निर्णयहरु कार्यपालिकामा जानकारी गरियो।

**निर्णय नं ५**

राइनास नगर अस्पताल सञ्चालनका लागि आवश्यक तयारीहरु एवं कार्ययोजना उपर प्रारम्भिक छलफल गरियो। भवन हस्तान्तरण लिई चक्रतिर्थ हेल्थपोष्टको सेवा अस्पताल भवनबाटै सञ्चालन गर्न थप जनशक्ति, उपकरण एवं पूर्वाधार सहितको सञ्चालन मोडल बारे आगामी बैठकबाट विस्तृत छलफल गर्ने निर्णय भयो।

**निर्णय नं ६**

राइनास नगरपालिका अन्तर्गत सञ्चालित निर्माण कार्यका निम्न ठेक्काहरुमा म्याद थप गर्ने निर्णय भयो।

| क्र. सं. | योजनाको नाम | ठेकेदार | ठेक्का म्याद समाप्त हुने मिति | थप गर्नुपर्ने समायावधि | थप गर्नुपर्नाको कारण |
|---|---|---|---|---|---|
| १ | Construction of ward 01 office building (RAINAS/NCB02/080-081) | Bhakti Construction Pvt.Ltd | २०८१/०७/०४ | २०८१/०९/३० | लामो बर्षात |
| २ | Construction of ward 06 office building (RAINAS/NCB/W/02/080-081) | Bhakti Construction Pvt.Ltd | २०८१/०७/०४ | २०८१/०९/३० | |
| ३ | Dhamilikuwa Health post upgrading to 15 bed Hospital (RAINAS/NCB/W/01/079-080) | Bhagawati Nirman sewa Pvt.Ltd | २०८१/०७/२० | २०८२/०१/२० | |

**निर्णय नं. ७**

राइनास नगरपालिकाबाट कर्णाली प्रदेश कामकाजमा जानुभएका प्रशासन सहायक (पाँचौ तह) श्री दल बहादुर बोहोरालाई प्रदेशको कानुन बमोजिम सम्बन्धित प्रदेशको स्थानीय तहमा पदस्थापनका लागि दिनुपर्ने सहमति प्रदान गर्ने निर्णय भयो।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमजुङ
नेपाल

निर्णय नं. ८

प्रमुख प्रशासकीय अधिकृतलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट चीनमा सेमिनारमा भाग लिन मनोनयन गरिएको व्यहोरा जानकारी गराईयो।

निर्णय नं. ९

'घ' वर्गको निर्माण व्यवसाय इजाजतका लागि निवेदन गरेको स्नेहा कन्स्ट्रक्सनलाई प्राविधिक प्रतिवेदनका आधारमा इजाजतपत्र प्रदान गर्ने निर्णय भयो।

निर्णय नं. १०

यस नगरपालिका कार्यालयको कम्पाउण्ड वाल निर्माण भइरहेको र सो को उत्तरतर्फ १ र पूर्व तर्फ १ वटा गेट राखे। उक्त गेट कार्यालयले आफ्नो सुरक्षाको लागि मात्र प्रयोग गर्ने निर्णय गरियो।

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिलाहिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३